# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः२ | सङ्ख्याः ४ | मितिः २०७५/०३/२९


**हेटौंडा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५**

**प्रमाणीकरण मिति :** २०७५/०२/११

## २०७५ सालको ऐन नं. १

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानुन बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम हेटौंडा उपमहानगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

१.**सङ्क्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम "हेटौंडा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले हेटौंडा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम उपमहानगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा सङ्घीय तथा प्रदेश कानुन बमोजिम स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**(१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत वनेको नियमावलीको अधीनमा रही हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**प्रमाणीकरण गर्नेको**

नाम : श्री हरीबहादुर महत
पद : नगरसभा अध्यक्ष
मिति : २०७५।०२।११
पृष्ठ संख्याः २

आज्ञाले,

पुष्पराज शाही

प्रमुख प्रशासकीय अधिकृत